# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असार १ गते २०४३ साल (अतिरिक्ताङ्क १६ (ग१)

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गर्न यो सूचना प्रकाशित गरेको छ ।

यो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नाम : यस ऋणको नाम "विकास ऋण २०५४क." रहेको छ ।

२. ऋणको उद्देश्य : विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नकोलागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकम : यो ऋणको जम्मा रकम रू. १३,००,००,०००।– (रू. तेह्र करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभार : यो ऋणको व्ययभार श्री ५ को सरकारको सर्वसञ्चित कोष-प्रति हुनेछ ।

५. ऋणको प्रकार : यो ऋणको ऋणपत्र कम्तीमा रू. २५।– वा २५।को गुणन फल (Multiple) ले भाग गर्दा निःशेष हुने अङ्कको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११३

६. ऋणपत्रको बिक्री अवधि : यो ऋणपत्रको बिक्री अवधि २०४३ साल आषाढ १ गतेदेखि ऐ. १५ गतेसम्म जम्मा १५ दिनसम्म हुनेछ। तर सो समय अगावै बिक्री भई पूरा निष्काशित रकम उठेमा बिक्री बन्द गर्न सकिनेछ।

७. ऋणपत्रको बिक्री मूल्य : ऋणपत्र माग गरे बमोजिम पूरापुर मूल्य (Face Value) मा बिक्री गरिनेछ ।

८. ऋणपत्र खरीद गर्न दरखास्त दिनु पर्ने :

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचामा राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसिद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकार गर्ने नगर्ने अधिकार : निष्काशित रकमभन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ।

१०. बाँडफाँड गर्ने अधिकार : प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुने : स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैंकबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ। यसरी फिर्ता भएको रकममा व्याज दिइने छैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिने : स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको व्याज : ऋणको व्याज नेपाल राष्ट्र बैंक वा यस बैंकको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैंकहरू तथा वाणिज्य बैंकिङ्ग कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरू मार्फत रकम बुझिलिएको मितिदेखि नै वार्षिक १०.५ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा व्याज दिइनेछ ।



११४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. वाणिज्य बैंकहरूले खरीद गर्ने सम्बन्धमा : वाणिज्य बैंकहरूले र अन्य वित्तीय संस्थानहरूले आफ्नो नाममा खरीद गर्न चाहेमा पायक पर्ने नेपाल राष्ट्र बैंकको कार्यालय वा से. ख. वि. केन्द्र मार्फत खरीद गर्नु पर्नेछ ।

१५. ऋणको सांवा भुक्तानी : यो ऋणको सांवा भुक्तानी २०५४ साल आषाढ १६ देखि दिइनेछ ।

१६. ऋणको भुक्तानी दिने ठाउँ : यो ऋणको सांवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह काम गर्ने वाणिज्य बैंकहरू र बैंकिङ्ग कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१७. ऋणसम्बन्धी व्यवस्था : यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाही नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण विभागले गर्नेछ ।

१८. ऋणपत्र खरीद गर्ने अधिकार : यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्ति, बैंक वा संस्थाहरूलाई हुनेछ ।

१९. कर नलाग्ने : यो ऋणबाट प्राप्त व्याजमा आयकर छुट दिइएको छ ।

२०. ऋणसम्बन्धी कानूनी कारवाही : यो ऋणसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

११७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।